*[गुठीका सदस्य-सचिव श्री कुन्दमणि दीक्षितबाट धन्यवाद ज्ञापन]*

**आदरणीय अध्यक्षज्यू, आजका दुई जना 'ब्यौला'ज्यूहरू, बिहारीकृष्णज्यू र महिला तथा सज्जन वृन्द !**

यस वर्ष गुठीले धेरैतिरबाट धन्यवाद पायो, आशै नगरेको क्षेत्रबाट पनि धन्यवाद आयो। त्यसैले आज सबभन्दा पहिले म हामीलाई जस दिने सबैलाई धन्यवाद भन्छु।

अध्यक्षज्यूले स्वागत भाषणमै भनेजस्तै म पनि डा.राजेन्द्रविमलजी तथा नरबहादुर साउदजीलाई धन्यवाद निवेदन गर्दछु– किनभने तपाईंहरू दुवैले यसपटक गुठीको कार्यक्षेत्रलाई नै उजिल्याइदिनुभएको छ।

नरबहादुरजीलाई त गुठीले मात्र धन्यवाद दिएर पुग्दैन जस्तो भन्ने मलाई लाग्छ। तपाईंको कामलाई देशैले धन्यवाद भन्नुपर्छ। किनभने तपाईंले देशको ऐलेको सबभन्दा जल्दोबल्दो समस्यातिर राज्यको ध्यान आकर्षण गराउनुभएको छ। कृषिमा आधारित यो नेपालमा यही क्षेत्र सबभन्दा उपेक्षित छ। खाद्यमा हामी पर-निर्भर हुँदै गैरहेका छौं, कृषि कार्य बेवास्ता भै ओरालो लागेकाले नै आएको हो यो खाद्य सङ्कट। हाम्रा राजनेता र प्रशासकहरूले ओठे आश्वासन दिनबाहेक यसतर्फ केही गर्ने छाडेका छन्। यस्तो अवस्थामा तपाईंको यो वृहत् ग्रन्थ त्यस दिशामा नै त्यस्तो हुटहुटी लगाउन समयोचित किसिमले आएको छ। तपाईंलाई म पुन धन्यवाद भन्छु।

डा. राजेन्द्रविमलज्यू, तपाईंबाट हामीले सच्चा नेपाली राष्ट्रवाद के हो भन्ने सिकेका छौं। तपाईंको यो ऊर्जा अरूमा पनि सरोस् भन्ने शुभकामना गर्दै म तपाईंलाई धन्यवाद ज्ञापन गर्दछु।

बिहारीकृष्णजी, त्यसवेलाको जुम्ला जस्तो अनकण्टार क्षेत्रमा पुगेर मौलिक नेपाल र नेपाली रहनसहनको अध्ययन गर्ने तपाईंलाई गुठीले उहिल्यै सम्मानित गरिसकेको हो। गुठीका संस्थापिका रानीसाहेबले आरती गरिसकेका तपाईंलाई म के भनेर धन्यवाद भनूँ? मलाई तपाईंको यो विद्वद्-प्रवचनले नयाँ दिशाबोध गराएको छ। तपाईंलाई धन्यवाद छ।

उपस्थित विद्वद्जनलाई पनि मेरो यथायोज्ञ धन्यवाद छ। दसैंको बेला सबैको कति काम होला, सबै छोडेर यहाँसम्म आई हाम्रो उत्साह बढाइदिनुभएकोमा धन्यवाद !

गीता समुदय प्रकाशनले क क न न-का दुई भाग विद्वद्जनमा वितरण गर्न निःशुल्क हामीलाई उपलब्ध गराएकोमा त्यहाँका पदाधिकारीहरूलाई धन्यवाद ज्ञापन गर्दछु।

हाम्रा आजका दुई जना सम्मानित ब्यौलाहरूलाई ओल्क्याई ल्याउने हाम्रा चार जना पाका विद्वान्हरूसँग हामी धेरै कृतज्ञ छौं। चारै जनालाई सम्मानपूर्वक धन्यवाद निवेदन गर्दछु।

सधैंझैं रातोबङ्गला स्कूल परिवारलाई र जगदम्बा प्रेसलाई पनि धन्यवाद भन्छु– सबै सहयोगका लागि।

तल प्राङ्गणमा केही खाजा खाने व्यवस्था गरेका छौं। त्यो तयार पार्नेलाई जस्तै त्यो खाइदिनेहरूलाई पनि धन्यवाद अर्पण गर्छु, 'भन्नेलाई फूलको माला सुन्नेलाई सुनको माला' भनेजस्तै !

सबैको जय होस् !